कार्यपालिकाको बैठक संख्याः ०१

मितिः २०८३।०४।०८

# प्रस्तावहरु

१)आर्थिक वर्ष २०८२/०८३ को समिक्षा सम्बन्धमा।

२)चालु आ. व. का योजना तथा कार्यक्रमहरुको सम्झौता तथा कार्यान्वयन सम्बन्धमा।

३)विद्यालय समायोजन सम्बन्धमा।

४)आर्थिक विकास समिति र सामाजिक विकास समितिको निर्णय अनुमोदन गर्ने सम्बन्धमा।

५)प्रहरी चौकी स्थापना सम्बन्धमा।

६)साझा सुविधा केन्द्र स्थापना तथा सञ्चालन सम्बन्धमा।

७)कवाडीको करदर निर्धारण सम्बन्धमा।

८)विविध सम्बन्धमा।

कार्यपालिकाको बैठक संख्याः ०१ मितिः २०८३।०४।०८

## निर्णयहरु

### निर्णय नं १

प्रस्ताव नं १ माथी छलफल गर्दा यस गुल्मीदरबार गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ मा सम्पादित योजना तथा कार्यक्रमको वार्षिक समिक्षा यहि मिति २०८३ श्रावण अन्तिममा गर्ने सर्वसम्मत निर्णय गरियो।

### निर्णय नं २

प्रस्ताव नं २ माथी छलफल गर्दा चालु आर्थिक वर्षमा बजेट विनियोजन भएका योजना तथा कार्यक्रमहरुको सम्झौता तथा कार्यान्वयमा तिव्रता दिने र १० लाख भन्दा माथिका योजनाहरु विद्युतीय बोलपत्र आह्वान मार्फत गर्ने (उपभोक्ता समिति/लाभग्राही समूह नगर्ने) सर्वसम्मत निर्णय गरियो।

### निर्णय नं ३

प्रस्ताव नं ३ माथी छलफल गर्दा यस गुल्मीदरबार १ बलिथुममा अवस्थित श्री शिवशक्ति प्रा. वि. बालविकास विद्यालय नेटा वडा कार्यालय जाने मोटरबाटो निर्माण तथा विस्तारका कारण विद्यालय अति जोखिममा परेको र विद्यार्थीहरु पठन पाठन गर्ने बैकल्पिक स्थानको समेत व्यस्थापन हुन नसकेको हुँदा मिति २०८३ असार ०४ गते विद्यालय व्यवस्थापन समिति र अभिभावकहरुको संयुक्त बैठक बसि विद्यार्थीहरुलाई पायक पर्ने विद्यालय श्री थाक्सी पोखरा माध्यामिक विद्यालयमा समायोजनका लागि अनुरोध भई आएकोमा गाउँकार्यपालिकाको बैठकबाट श्री शिवशक्ति प्रा. वि. (वाल विकास केन्द्र)लाई श्री थाक्सिपोखरा मा. वि. मा समायोजन गर्ने सर्वसम्मत निर्णय गरियो।

### निर्णय नं ४

गुल्मीदरबार गाउँपालिकाको सामाजिक तथा आर्थिक विकास समितिको मिति २०८३/०४/०८ गते आ. व. २०८३/०८४ बजेट मार्फत विनियोजित कार्यक्रमको तपसिल बमोजिमको रकम बाँडफाँड सम्बन्धमा भएको निर्णय गाउँकार्यपालिकाको बैठकबाट अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिल

१) प्रदेश सशर्त अनुदान(पुँजिगत): गुल्मीदरवार कृषि परियोजना गुल्मिदरवार गुल्मी

| क्र.सं. | कार्यक्रम तथ क्रियाकलापहरु | बजेट | कार्यक्षेत्र |
|---|---|---|---|
| १ | गुल्मीदरबार कृषि परियोजना गुल्मीदरबार गुल्मी | ५० लाख | १ देखि ७ |
| १.१ | कृषि यान्त्रीकरण कार्यक्रम | ३०००००० | |
| १.१.१ | मिनिटिलर डिजल ७ HP | | |
| १.१.२ | मिनिटिलर पेट्रोल ५ HP | | |
| १.१.३ | कम्बाइन मिल | | |
| १.१.४ | पिसानी मिल | | |
| १.१.५ | मकै रोप्ने (सिड ड्रिल) | | |
| १.१.६ | ब्रस कटर | | |
| १.१.७ | ग्रास कटर | | |
| १.१.८ | कर्न सेलर | | |
| १.१.९ | स्प्रेयर | | |
| २ | बाख्रा तथा भेंडा खोर निर्माण र मर्मत | ३५०००० | १, ३, ५, ६ |
| ३ | बाँसको टनेल निर्माण कार्यक्रम | ३५०००० | १-७ |
| ४ | सिंचाई प्रवर्द्धन कार्यक्रम | २५०००० | १-७ |

| | | | |
|---|---|---|---|
| ५ | मौरी प्रवर्द्धन कार्यक्रम | ५००००० | २-७ |
| ६ | भकारो सुधार कार्यक्रम | ३५०००० | १-७ |
| ७ | कार्यक्रम व्यवस्थापन खर्च | २००००० | |
| जम्मा | | ५०००००० | |
| २ | परियोजना अन्तर्गतका कार्यक्रम | | |
| २.१ | टनेल प्लास्टिक वितरण कार्यक्रम | | १-७ |
| २.२ | तरकारी बीउविजन वितरण कार्यक्रम | | १-७ |
| २.३ | बंगुर प्रवर्द्धन कार्यक्रम | | १-७ |
| २.४ | मौरीपालन प्रवर्द्धन कार्यक्रम | | १ |
| २.५ | व्यवसायीक कुखुरापालन कार्यक्रम | | १-७ |
| २.६ | उद्यमीले उत्पादन गरेका सामग्री बजारीकरण कार्यक्रम | | ३ |
| २.७ | डेरी प्रवर्द्धन कार्यक्रम | | १-७ |

२) संघीय शसर्त अनुदान

| क्र.सं. | कार्यक्रम तथ क्रियाकलापहरु | बजेट | कार्यक्षेत्र |
|---|---|---|---|
| १ | व्यावसायीक फलफुल खेती कार्यक्रम | ६७५ | १-७ |
| २ | बाख्रा पकेट निरन्तरता | ७५० | ४ |
| ३ | भेडा बाख्रा च्याङ्ग्रा पकेट विकास कार्यक्रम | १५५० | २ |
| ४ | भैसी प्रवर्द्धन कार्यक्रम | ६३० | १-७ |
| ५ | घाँसे बाली स्रोतकेन्द्र सुदृढिकरण कार्यक्रम | ५०० | १-७ |

| | | |
|---|---|---|
| जम्मा | ४१०५ | |

३) प्रदेश शसर्त अनुदान

| | | | |
|---|---|---|---|
| १ | पशुपंक्षी रोग नियन्त्रण तथा प्रवर्द्धन कार्यक्रम रु.७०० | | १-७ |
| क | औषधी खरिद | २०० | |
| ख | खोप पारिश्रमिक | १०० | |
| ग | रेविज रोग नियन्त्रण तथा कुकुर बन्ध्याकरण | २०० | |
| घ | पशुपंक्षी रोग नियन्त्रण सम्बन्धी सचेतना कार्यक्रम | २०० | |
| | जम्मा रु. | ७०० | |
| १ | कुखुरा माछा तथा मौरी प्रवर्द्धन कार्यक्रम | १००० | १-७ |
| २ | बाखा प्रवर्द्धन कार्यक्रम वडा नं ७ | १००० | ७ |
| ३ | बाखा प्रवर्द्धन कार्यक्रम | १००० | १, ३, ५, ६ |
| ४ | पशुपंक्षी उत्पादन बजारीकरण नियमन प्रविधी प्रसार कार्यक्रम | १००० | १-७ |
| ५ | बाखा स्रोत केन्द्र स्थापना | १५०० | ६ |
| ६ | किवि प्रवद्धन कार्यक्रम | ५०० | १-७ |
| ७ | महिला कृषक समूहका लागि उद्यमशिलता विकास कार्यक्रम | १००० | १-७ |
| ८ | कृषि उत्पादन बजारीकरण नियमन प्रविधी प्रसार कार्यक्रम | १५०० | १-७ |
| जम्मा | | ८५०० | |

४) प्रदेश शशर्त अनुदानः  सामाजिक समावेशीकरण तर्फका कार्यक्रमहरु

| क्र.सं. | कार्यक्रम | प्रस्तावित बजेट | कार्यक्षेत्र |
|---|---|---|---|
| १ | दलित तथा जनजाती लक्षित कार्यक्रम | २००० | |
| क | मादल बजाउने तालिम | ८०० | २, ३, ६, ७ |
| ख | पञ्चेबाजा बजाउने तालिम | ३०० | ५ |
| ग | सिमान्तकृत महिलाहरुको लागि सिपमुलक तालिम कार्यक्रम | ३०० | १ |
| घ | एकल महिला आयआर्जन कार्यक्रम | १५० | १-७ |
| च | उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम | १०० | १-७ |
| छ | यौनिक तथा लैङ्गिक -अल्पसंख्याक विशेष कार्यक्रम | ५० | १-७ |
| ज | उद्यम विकास तथा आयआर्जन कार्यक्रम | ३०० | ४ |
| | **जम्मा रु.** | २००० | |
| २ | **महिला शसक्तिकरण कार्यक्रम रु.७ लाख** | | |
| क | किशोरीका लागि आत्म सुरक्षा कार्यक्रम | २०० | १-७ |
| ख | पालिका स्तरीय तिजगित प्रतियोगिता कार्यक्रम | ३०० | १-७ |
| ग | महिला दिवश विविध कार्यक्रम | १०० | १-७ |
| घ | महिला नेतृत्व विकास तालिम कार्यक्रम | १०० | १ |
| | **जम्मा रु.** | ७०० | |
| ३ | **जनजाती दलित तथा खसआर्य लक्षित कार्यक्रम रु.७ लाख** | | |
| क | मगर भाषा लिपी संरक्षण कार्यक्रम | ८० | १-७ |
| ख | जनजाती सचेतना कार्यक्रम | ७५ | १-७ |
| ग | दलित सचेतना कार्यक्रम | ७५ | १-७ |

| | | | |
|---|---|---|---|
| घ | जनजाति सस्कृति संरक्षण कार्यक्रम | ७० | १-७ |
| ङ | खसआर्य सस्कृति संरक्षण कार्यक्रम | २०० | १-७ |
| च | विभिन्न समुदायको सांस्कृतिक कला प्रदर्शन कार्यक्रम | २०० | १-७ |
| | जम्मा रु. | ७०० | |

९) संघीय विशेष अनुदान(चालु): शैक्षिक तथा स्वास्थ्य संस्था पूर्वाधार एवं गुणस्तर सुधार

क) शिक्षा तर्फ

| क्र.सं. | कार्यक्रम | बजेट | कैफियत |
|---|---|---|---|
| १ | **भौतिक पूर्वाधार विकास** | २००० | |
| क | विद्यालयको फर्निचर निर्माण मर्मत | ५०० | |
| ख | विद्यालय कक्षाकोठा, शौचालय, पर्खाल, घेरावार, खानेपानी लगायत पूरक पूर्वाधार निर्माण | १२०० | |
| ग | विद्यालयमा कम्प्युटर, प्रिन्टर मर्मत तथा खरिद | ३०० | |
| २ | **शैक्षिक गुणस्तर विकास तथा सेवाको गुणस्तर अभिवृद्दि** | १७७० | |
| क | मेरा छोराछोरी मेरो जिम्मेवारी कार्यक्रम अन्तर्गत अभिभावक शिक्षा कार्यक्रम | ३०० | |
| ख | शिक्षकहरुको पेशागत विकास तालिम | २५० | |
| ग | विद्यालयका असल अभ्यास आदानप्रदान, प्रधानाध्यापक मासिक अन्तर्क्रिया तथा त्रैमासिक समीक्षा | १२० | |
| घ | तहगत रुपमा उत्कृष्ट विद्यालय, शिक्षक र विद्यार्थी सम्मान/प्रोत्साहन कार्यक्रम | २०० | |
| ङ | प्राथमिक तहको नतिजा सुधारको लागि अतिरिक्त कक्षा सञ्चालन | २०० | |

| | | | |
|---|---|---|---|
| च | विद्यार्थीहरुको प्रतिभा पहिचान तथा अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन | २०० | |
| छ | विद्यालय स्तरीय खेलकुद प्रतियोगिता | १०० | |
| ज | विद्यालय समायोजन तथा दरबन्दी मिलान कार्यक्रम | १०० | |
| झ | विद्यालय स्वच्छता तथा सरसफाई | ३०० | |
| ३ | **दलित, अल्पसङ्ख्यक, लोपोन्मुख तथा पिछडिएका जनजाति तथा अन्य समुदायका विपन्न लक्षित विद्यार्थीहरुको शैक्षिक गुणस्तर सुधार सम्बन्धी कार्यक्रम** | २८० | |
| क | जोखिममा परेका, घरवारविहिन, असहाय, अति विपन्न विद्यार्थी तथा अल्पसङ्ख्यक/सिमान्तकृत समुदायका विद्यार्थीहरुको लागि शैक्षिक सहयोग कार्यक्रम | १५० | |
| ख | मूल्याङ्कन, अनुगमन तथा सुपरीवेक्षण | १३० | |
| | **जम्मा रु.** | ४०५० | |

**ख) स्वास्थ्य तर्फ**

| **क.सं.** | **कार्यक्रम** | बजेट | कैफियत |
|---|---|---|---|
| १ | स्वास्थ्य स्वयंसेविका वि.पि. सेट वितरण | २०० | |
| २ | दिर्घरोगीका लागि औषधी उपचार | ८०० | |
| ३ | औषधी खरिद | ७०० | |
| ४ | महिला स्वयंसेविका दिवस विविध कार्यक्रम | १५० | |
| ५ | स्वास्थ्य सम्वन्धि विविध तालिम | १०० | |

| | | | |
|---|---|---|---|
| ६ | स्वास्थ्य सूचकहरुमा गाउँपालिका घोषणा कार्यक्रम | १०० | |
| ७ | एच्.आइ.भी. एड्स रोकथाम तथा नियन्त्रण कार्यक्रम | १०० | |
| ८ | ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रम | १०० | |
| जम्मा | | २२५० | |

५) संघ सशर्त अनुदान(चालु): निर्माण सम्पन्न भै हस्तान्तरण भएका ५/१०/१५ शैय्याका आधारभूत अस्पताल संचालन खर्च

| क्र. सं. | कार्यक्रम शिर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १ | तलव भत्ता | ५५ लाख | |
| २ | औषधि खरिद(बिमा प्रयोजन) | १५ लाख | |
| ३ | फर्निचर तथा फिक्सर्स | ५ लाख | |
| ४ | मेडिकल उपकरण खरिद | ५ लाख | |
| ५ | विविध तथा मसलन्द | ५ लाख | |
| जम्मा | | ८५ लाख | |

## निर्णय नं ५

गुल्मीदरबार गाउँपालिका वडा नं ३ मा प्रहरी चौकीको लागि दरबन्दी स्वीकृत भएको तर लामो समय सम्म पनि चौकी स्थापना तथा सञ्चालनमा नआएको कारण दरबन्दी अन्यन्त्र जाने अवस्था सिर्जना आएको हुँदा तत्काललाई गुल्मीदरबार गाउँपालिकाको केन्द्र र मदन भण्डारी राजमार्ग क्षेत्रलाई समेत समेट्ने गरि गाउँपालिकाले उपयुक्त स्थानको(गौंडाकोट क्षेत्र) व्यवस्थापन गर्ने गरि प्रहरी चौकी स्थापनार्थ आवश्यक प्रवन्ध गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं ६

यस गुल्मीदरबार गाउँपालिकाको वडा नं ३ राजामा रहेको साझा सुविधा केन्द्र मर्मत तथा व्यवस्थापन गरी गाउँपालिका भित्रका कृषक तथा उद्यमीले उत्पादन गरेका सामाग्रीहरुको भण्डारण को व्यवस्था मिलाई पैंचो प्रा. लि. र हेफर प्रोजेक्ट नेपालको साझेदारीमा वजारीकरण गर्न आवश्यक प्रवन्ध गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं ७

गुल्मीदरबार गाउँपालिकाले आर्थिक वर्ष २०८३/०८४ को लागि आय ठेक्का मार्फत कवाडी कर संकलन गर्ने प्रयोजनको लागि गत वर्षको कर दरमा १० प्रतिशत वृद्धि गरि लागत अनुमान तयार गर्ने र आय ठेक्का गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं ८

क) आर्थिक वर्ष २०८३/०८४ को लागि गुल्मीदरबार गाउँपालिकाको स्थानीय दररेट निर्धारण समितिको बैठकले आर्थिक वर्ष २०८३/०८४ को लागि गुल्मी जिल्ला प्रशासन कार्यालयबाट निर्धारणित जिल्ला दररेटलाई नै स्थानीय दररेट मान्ने भनि गरेको निर्णयलाई अनुमोदन गर्ने सर्वसम्मत निर्णय गरियो।

ख) गुल्मीदरबार गाउँपालिका अर्न्तगत विभिन्न वडा कार्यालयमा ज्यालादारिमा कार्यरत कर्मचारीहरुको दैनिक ज्याला ज्याला ९७०(जिल्ला दररेटमा अदक्ष) कायम गर्ने वडा नं ४ मा सहायक कम्प्युटर अपरेटरको हकमा १०९० ज्याला दर कायम गर्ने सर्वसम्मत निर्णय गरियो।

ग) गुल्मीदरबार गाउँपालिका अर्न्तगत बाल विकास कक्षा सञ्चालन भएका विद्यालयमा अध्यापन समयमा एकरुपता कायम गर्ने सन्दर्भमा बाल विकास कक्षा मात्र सञ्चालन भएका विद्यालयका हकमा दिनको ३ बजे सम्म र अन्यको हकमा सम्बन्धित विद्यालय व्यवस्थापन

समितिको निर्णय बमोजिम ३ बजेका अतिरक्त पनि उपस्थित तथा अध्यापन गर्न परिपत्र गर्ने सर्वसम्मत निर्णय गरियो।

घ) गुल्मीदरबार आधारभूत अस्पतालमा अ. हे. व. पदमा(करार सेवा) कार्यरत श्री ईश्वरी प्रसाद पन्थीलाई करार सेवामा उल्लेखित तलवका अतिरिक्त थप ५ हजार भत्ता निर्माण सम्पन्न भै हस्तान्तरण भएका ५/१०/१५ शैय्याका आधारभूत अस्पताल संचालन खर्च शिर्षकबाट उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो।

ङ) गुल्मीदरबार गाउँपालिकामा कार्यरत तपसिल बमोजिमका कर्मचारीलाई ज्यालादारिका कार्यरत कर्मचारीको भन्दा कम पारिश्रमिक नहुने गरि तपसिल बमोजिम पारिश्रमिक निर्धारण गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिल

| क्र. सं. | कर्मचारीको नाम | पद | नयाँ तलब | कैफियत |
|---|---|---|---|---|
| १ | नारायण अर्याल | कृषि उपज संकलन कर्ता | २२,०००। | |
| २ | रुमा कुमारी रासकोटी कुंवर | सामाजिक परिचालक | २२,०००। | |

कार्यपालिकाको बैठक संख्याः ०१ मितिः २०८३।०४।०८

आज मिति २०८३ साल श्रावण ०८ गतेका दिन गुल्मीदरवार गाउँपालिका, गुल्मीका अध्यक्ष श्री सरोज कुमार थापाको अध्यक्षतामा देहाय बमोजिमका कार्यपालिका सदस्यहरूको उपस्थितिमा बैठक बसी निम्नानुसारका निर्णयहरु गरियो।

समय : दिनको १:०० बजे

उपस्थिति

| सि.नं. | नाम/ थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री सरोज कुमार थापा | अध्यक्ष | | |
| २. | श्री तारा थापा ढेंगा | उपाध्यक्ष | | |
| ३. | श्री राजेन्द्र कण्डेल | वडा अध्यक्ष (वडा नं. १)/सदस्य | | |
| ४. | श्री विष्णु प्रसाद गौतम | वडा अध्यक्ष (वडा नं. २) /सदस्य | | |
| ५. | श्री राम वहादुर थापा | वडा अध्यक्ष (वडा नं. ३) /सदस्य | | |
| ६. | श्री देविराम पोखेल | वडा अध्यक्ष (वडा नं. ४) /सदस्य | | |
| ७. | श्री गुणानीधि पौडेल | वडा अध्यक्ष (वडा नं. ५) /सदस्य | | |
| ८. | श्री मुकेश थापा | वडा अध्यक्ष (वडा नं. ६) /सदस्य | | |
| ९. | श्री शालिकराम टण्डन | वडा अध्यक्ष (वडा नं. ७) /सदस्य | | |
| १०. | श्री दिल कुमारी खत्री | सदस्य | | |
| ११. | श्री कुमारी दनुवार पुवारे | सदस्य | | |
| १२. | श्री सनु देवि कार्की | सदस्य | | |
| १३. | श्री गंगा अर्याल | सदस्य | | |
| १४. | श्री विष्णुमाया वोटे | सदस्य | | |
| १५. | श्री ईश्वरी परिवार | सदस्य | | |
| १६. | श्री युवराज पौडेल | प्रमुख प्रशासकीय अधिकृत/सचिव | | |

आमन्त्रीतः

| | | | |
|---|---|---|---|
| १. | टंक प्रसाद पन्थी | प्रशासकीय अधिकृत | |
| २. | विष्णु वि. के. | वा. वा वडाध्यक्ष वडा नं. ६ | |
| ३. | नवराज घिमिरे | प्रशासकीय अधिकृत | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |

सहयोगी कर्मचारी

| | | | |
|---|---|---|---|
| १. | गोमा खत्री | कार्यालय सहयोगी | |